# लोक सेवा आयोग
## जुम्ला कार्यालय

खलङ्गा, जुम्ला

फोन/फ्याक्स:- ०८७-५२०००८, Website: www.psc.gov.np, E-mail: karnali@psc.gov.np, फेसबुक: हेलो लोक सेवा जुम्ला

**रा.प.अनं. द्वितिय श्रेणी, (अप्राविधिक), खरिदार पदको प्रथम चरणको लिखित परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सूचना**

**सूचना नं १७/०७९-८०, मिति २०७९/०५/२६**

लोक सेवा आयोग, जुम्ला कार्यालयको वि.नं. १५३५३-१५३५७/०७७-७८,**(खुला/समावेशी),** एकीकृत परीक्षा प्रणाली अनुसार राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरहको पदमा जुम्ला परीक्षा केन्द्र राखी अनलाईनवाट दरखास्त फाराम भरी स्वीकृत भएका सम्पूर्ण उम्मेदवारहरुको प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षा पूर्वनिर्धारित परीक्षा कार्यक्रम अनुसार नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्ड र लोक सेवा आयोगवाट स्वीकृत "संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (तेस्रो संशोधन सहित)" को पालना गर्ने गराउने गरी निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**परीक्षा कार्यक्रम:**

| विषय | परीक्षा प्रणाली | मिति/समय | परीक्षा अवधि |
|---|---|---|---|
| सामान्य ज्ञान तथा आधारभूत कार्यालय सीप परीक्षण | वस्तुगत वहुवैकल्पिक प्रश्नउत्तर (OMR उत्तरपुस्तिका) | २०७९/०६/०८ गते विहान ११:०० बजे | ४५ मिनेट |

**परीक्षा भवन:**

| क्र.सं. | उम्मेदवारको रोल नं. | | उम्मेदवार संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १. | ७३०००१ | ७३०२१८ | २१८ | लोक सेवा आयोग, जुम्लाकार्यालयको परीक्षा भवन |
| २. | ७३०२१९ | ७३०४५८ | २४० | रत्न चुडेश्वर मावि. वोहोरागाउँ, जुम्ला |
| ३. | ७३०४५९ | ७३०६९८ | २४० | जे.आर.कर्णाली बोर्डिङ्ग स्कुल, जुम्ला |
| ४. | ७३०६९९ | ७३०९१३ | २१५ | चन्दननाथ मा.वि., जुम्ला केन्द्र (क) |
| ५. | ७३०९१४ | ७३११२८ | २१५ | चन्दननाथ मा.वि., जुम्ला केन्द्र (ख) |
| ६. | ७३११२९ | ७३१३३८ | २१० | चन्दननाथ मा.वि., जुम्ला केन्द्र (ग) |
| ७. | ७३१३३९ | ७३१५७४ | २३६ | कर्णाली मा.वि. अनामनगर, केन्द्र (क) |
| ८. | ७३१५७५ | ७३१८१० | २३६ | कर्णाली मा.वि. अनामनगर, केन्द्र (ख) |

**द्रष्टव्य :-(परीक्षार्थीहरुले अनिवार्य पालना गर्नु पर्ने विषयहरु)**

१. प्रवेशपत्र बिना परीक्षामा सम्मिलित गराईने छैन । प्रवेशपत्रको प्रतिलिपि आवश्यक पर्ने उम्मेदवारले एक दिन अगाडि नै आयोगको जुम्ला कार्यालयबाट अनिवार्य लिइसक्नु पर्नेछ । परीक्षा शुरु हुनुभन्दा१ (एक) घण्टा अगावै परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ ।

२. परीक्षा दिन आउँदा नेपाली नागरिकताको सक्कल प्रमाण-पत्र वा नेपाल सरकारद्वारा जारी गरिएको फोटो सहितको कुनै परिचय-पत्र विना परीक्षामा सम्मिलित गराइने छैन ।

३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

४. परीक्षा भवनमा झोला, मोवाईल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ ।

५. परीक्षामा कालो मसी भएको कलम/डट्पेन मात्र प्रयोग गर्नु पर्नेछ ।

६. उम्मेदवारले अनिवार्य रुपमा मास्क लगाई परीक्षा केन्द्रमा प्रवेश गर्नु पर्नेछ । साथै आफ्नो प्रयोजनको लागि स्यानिटाइजर तथा खानेपानी स्वयंले लिई आउनु पर्नेछ ।

७. परीक्षा केन्द्रमा प्रवेश गर्दा, शौचालय प्रयोग गर्दा र परीक्षा केन्द्रबाट बाहिर निस्कँदा एक आपसमा भौतिक दुरी कायम गर्नु पर्नेछ ।

८. परीक्षार्थीहरुले समूहमा भेला हुने जस्ता कार्यहरु गर्न निषेध गरिएकोछ ।

९. सवै उम्मेदवारहरुले आफ्नो स्वास्थ्य अवस्थाको वारेमा आयोगको Web Site मा गई विद्युतीय माध्यमवाट कोभिड सम्बन्धी स्वयम् घोषणा फारम अनिवार्य रुपमा भर्नु पर्नेछ ।

१०. **कोभिड-१९** बाट संक्रमित बिरामीको लागि लोक सेवा आयोग, जुम्ला कार्यालयमा विशेष परीक्षा केन्द्र व्यवस्था गरिएकोले सम्वन्धित उम्मेदवारले यस कार्यालयको फोन नं. ०८७-५२०००८ वा ईमेल ठेगाना jumla@psc.gov.np,psckarnali@gmail.com मा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

.........................
(दुर्गाप्रसाद वाग्ले)
नायब सुब्बा

.........................
(लोकप्रसाद रेग्मी)
शाखा अधिकृत

.........................
(राजन राई)
उपसचिव